आज मिति २०८२ साल साउन १३ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को पहिलो बैठक अध्यक्ष श्री भक्तध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: पालिकाको दर रेट स्वीकृत सम्बन्धमा।

प्रस्ताव नं. २ : करारमा कार्यरत कर्मचारी/शिक्षकहरुको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ३ : गाउँ शिक्षा समिति बैठकको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ४ : म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ५ : तह वृद्धि सम्बन्धमा।

प्रस्ताव नं. ६ : विविध।

**निर्णयहरु:**

**निर्णय नं. १ :** त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को लागि यस गाउँपालिकाबाट संचालन हुने विकास निर्माण लगायतका अन्य सेवाहरुको कार्यान्वयनको लागि प्रचलित दर रेटको विश्लेषण गरी तयार गरिएको पालिका दर रेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। साथै सिन्धुपाल्चोक जिल्लाको दररेटको विवरणमा उल्लेख नभएका निर्माण सामाग्रीको हकमा आ.व. २०८२।०८३ को लागि दररेट निर्धारण समितिले काभ्रेपलाञ्चोक तथा काठमाडौ जिल्लाले स्वीकृत गरेको दररेटमा ढुवानी भाडा थप गरी दररेट कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २ :** यस गाउँपालिका एवं गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरु/ गाउँपालिका अनुदानमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकनबाट प्राप्त नतिजाको आधारमा तपशिल बमोजिमका कर्मचारीहरुको २०८२ श्रावण १ गते देखि २०८२ पुष मसान्त सम्मको लागि करार सम्झौताको लागि म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपशिल:**

**कार्यसम्पादन मुल्यांकनमा सफल गाउँपालिकामा कार्यरत कर्मचारीहरु :**

| क्र.सं. | मुल्यांकनमा सफल कर्मचारीको नाम, थर | पद |
|---|---|---|
| १. | सुजन नेपाल | इन्जिनियर |
| २. | गौतम थापा | सूचना प्रविधि अधिकृत |
| ३. | विज्ञान बोहरा | रोजगार संयोजक |
| ४. | सबिन ढकाल | कृषि स्नातक |
| ५. | डविन तामाङ | खा.पा.स.टे. पाचौँ |
| ६. | विशाल बोहरा | कम्प्युटर अपरेटर |
| ७. | पदम बहादुर शाही | ना.प्रा.स कृषि, चौथो |
| ८. | हरिचरण खड्का | ना.प.स्वा.प्रा, चौथो |
| ९. | लिला कुमारी खत्री | लापोडेडे चौथो |
| १०. | ओम तामाङ | व.ल.उ.वि.स. |

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश